आज मिति २०८२ साल जेष्ठ ३१ गते विहान ०८:०० बजे शनिवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ५४ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | शाखा अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री नेत्र बहादुर थापा | वरिष्ठ शिक्षा अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री छविजंग मल्ल | वरिष्ठ लेखा अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ५ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ६ | श्री भूपेन्द्र बहादुर शाही | स्वीकीय सचिव सहायक पाँचौं | ठाँटीकाँध गापा दैलेख | |

CamScanner

## मिति २०८२/०२/३१ गतेको ५५ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १**

आगामी आ ब २०८२।०८३ का लागि कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रस्तावित योजना संशोधन भएकोमा सो को अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं. २**

वालकल्याण आ वि गोयालसीमको छाना,ढोका मर्मत तथा फर्निचर निर्माण कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ३**

रावत होटलदेखि हेलिप्याड डाँडासम्मको पहुँच मार्ग आरसिसी गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ४**

महिला स्वास्थ्य स्वयम् सेविका अक्षयकोष (स्थापना र सञ्चालन) सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ५**

शिक्षक दरवन्दि माग सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा श्री कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतको प सं २०८१।०८२,चलानी नं ३०६२ र मिति २०८२।०१।२१ को सुचना अनुसार मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस गरी पठाईएकोमा देहायका वडाका योजनाहरु मापदण्ड अनुसार छनौट नभएकाले परिमार्जन सहित सिफारिस गरी पठाईदिन प सं २०८१।०८२,चलानी नं ३३५८ र मिति २०८२।०२।१४ को पत्रबाट लेखी आएको र सम्बन्धित वडा कार्यालयहरुको सिफारिसमा यस पूर्व सिफारिस भएका देहायका योजनाहरु संशोधन तथा परिमार्जन गरी योजना छनौटका लागि श्री कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतमा पठाईएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र सं | वडा नं | यसपूर्व स्वीकृत आयोजनाको नाम | हाल परिमार्जित योजनाको नाम | प्रस्तावित रकम रु | विषयक्षेत्र |
|---|---|---|---|---|---|
| १ | १ | राताटाकुरा वगुरा पत्थरिघर हुदै ठाटीकाँध सम्म पदमार्ग निर्माण | माच चौरदेखि नर्सरी डाँडासम्म सिचाईं कुलो निर्माण योजना | १५ लाख | सिचाई |
| २ | ३ | तल्लाथान गडी गोठीखोला बाहाँकोट पदमार्ग निर्माण | भैरे गर्वे खानेपानी मर्मत योजना | १५ लाख | खानेपानी |

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ६ | देउलसीमदेखि कालढुंगासम्म पदमार्ग निर्माण | देउलसीम सिचाई पोखरी निर्माण | १५ लाख | सिचाई |

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ६ स्थित श्री वालकल्याण आ वि गोयालसीमको छाना,ढोका मर्मत तथा फर्निचर निर्माणका लागि श्री गोरखा वेलफेयर ट्रस्टले रु ५ लाख सहयोग गर्ने कार्यक्रम रहेकाले उक्त संस्थालाई धन्यबाद दिंदै सो कार्यक्रम तथा बजेट आगामी आ ब को बार्षिक कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस ठाटीकाँध बजारको मुख्य बजारकेन्द्र रावत होटलदेखि हेलिप्याड डाँडासम्मको पहुँच मार्ग गत वर्षदेखिको वर्षातका कारण माटो कटान आवागमनमा समस्या हुनुका साथै त्यहाँ नजिक निर्माण भएका भौतिक संरचनाहरु समेत भत्किन जाने जोखिम भएकाले सो को संरक्षणका का र आवागमनका लागि आरसिसी स्ल्याव सहितको बाटो निर्माण गर्न अत्यावश्यक भएकोमा मिति २०८२।०२।०२ को कार्यपालिका बैठकबाट कर्णाली जल परियोजनाबाट हस्तान्तरण भई आएको सिमेण्ट प्रयोग गर्ने निर्णय समेत भएका सन्दर्भमा उक्त पहुँचमार्ग निर्माण गर्न सिमेण्ट बाहेकको प्राविधिक लागत अनुमान रु १९२३३४४।८७ रुपैयाँ आबश्यक हुने देखिएको र उक्त मार्ग निर्माण नगरेमा थप क्षति हुनसक्ने देखिएकाले कार्यालयबाट लागत अनुमान स्वीकृत गरी शिलबन्दी दरभाउपत्र आव्हान भई सम्झौताको चरणमा रहेकोमा सो योजनाको सम्झौता भई काम सम्पन्न भएपछी प्राविधिक मुल्यांकन अनुसारको रकम चालु आ ब मा खर्च नभई मौज्दात भएको रकम बाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाका ६ वटै वडामा रहेका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको हकहितका लागि घुम्तीकोषको रुपमा रहने गरी प्रत्येक वडामा कोष खडा गरी सञ्चालन गर्ने महिला स्वास्थ्य स्वयम् सेविका अक्षयकोष (स्थापना र सञ्चालन) सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ठाटीकाँध गाउँपालिकाभित्र रहेको विद्यालयहरुमा दरवन्दी संख्या माध्यमिक विद्यालयमा १, निम्न माध्यमिक विद्यालय मा ४, प्राथमिक विद्यालय मा ४३ वटा मात्र सिघीय स्थायि दरवन्दी भएको र कुल ४० वटा विद्यालय मध्ये ७ वटा माध्यमिक विद्यालय, ३ वटा निम्न माध्यमिक विद्यालय र ३० वटा प्राथमिक विद्यालय मध्ये २४ वटा विद्यालयमा सून्य दरवन्दी भएकोले सो संचालनका लागि गाउँपालिकाबाट माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक विद्यालय मा अनुदान कोटा ७३ वटा र वालविकास सहजकर्ता २३ जना गरी जम्मा ९६ जना लाई गाउँपालिका बाट तलब भत्ता खुवाउदै आएकोमा गाउँपालिकाको आन्तरिक श्रोत तथा गाउँपालिकामा संघीय तथा प्रदेश सरकारबाट आएको राजस्व वाडफाँड न्यून रहेको र संघ तथा प्रदेश सरकार बाट प्राप्त समानिकरण अनुदानबाट तलब भत्ता खुवाउन नमिल्ने भएको ले आन्तरिक श्रोत तथा संघ प्रदेश बाट प्राप्त राजस्व वाडफाँड शीर्षकबाट तलव भत्ता खुवाउन नसकिने तर भौगोलिक विकटताका कारण विद्यालय बन्द र समायोजन गर्न नसकिने

भएकोले तपशिल बमोजिम  दरबन्दी सृजना गरीदिन हुन श्री कर्णाली प्रदेश सरकार, समाजिक विकास मन्त्रालय मार्फत श्री संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

तपशिल

| सि नं | विद्यालय | दरवन्दि संख्या | कैफियत |
|---|---|---|---|
| १ | माध्यमिक विद्यालय | ३४ वटा | |
| २ | निम्न माघयमिक विद्यालय | ११ वटा | |
| ३ | प्राथमिक विद्याय | ७७ वटा | |